# समृद्ध नेपालको लागि दीगो आर्थिक विकासको तत्कालीन कार्यान्वयन कार्ययोजना
# २०७३

नेपाल सरकार

**अर्थ मन्त्रालय**

सिंहदरबार

# भूमिका

नेपाली जनताले ऐतिहासिक रुपमा गरेका सबै संघर्षहरुबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्न संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र सहितको संविधान जारी भैसकेको छ । संविधानले मुलूकको आर्थिक समृद्धिको लागि समावेशी लोकतन्त्र र समावेशी विकासको अवधारणा लिएको छ । यसका साथै संविधानले अधिकारमुखी विकासको अवधारणाको आधारमा विकासका कार्य अगाडि बढाउने गरी मार्गदर्शन समेत दिएको छ । संविधानले निर्दिष्ट गरेको आर्थिक उद्देश्य हासिल गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धिदर हासिल गर्दै दिगो आर्थिक विकास गर्ने, आर्थिक विकास गर्दा प्राप्त उपलब्धीहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य तथा शोषण रहित समाजको निर्माणबाट राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतिशील बनाउँदै समाजवाद उन्मुख र समृद्ध अर्थतन्त्रको विकास गर्ने राष्ट्रिय अभिभारा हाम्रो सामू आएको छ । यसको लागि संविधानको मार्गदर्शन अन्तर्गत रही आर्थिक, सामाजिक रुपान्तरणका लागि नीतिगत तथा कार्यक्रमिक सुधार गर्दै जानु अपरिहार्य छ ।

अबको विकासको आर्थिक कार्यसूची नै संविधान एवम् संघीयताको कार्यान्वयन र समृद्ध नेपालको दीगो आर्थिक विकास बनाउनु पर्ने हुन्छ ।यसको लागि **"सम्वृद्ध नेपालको आधार समृद्ध गाउँ/नगर, समृद्ध गाउँ/नगरको आधार समृद्ध समाज"** भन्ने भूल नाराका साथ मुलुकको आर्थिक समाजिक रुपान्तरणको लागि समृद्ध नेपालको सोंच प्रस्तुत गरेको छु । मैले अर्थ मन्त्रालयको नेतृत्व सम्हालेपछि अर्थतन्त्रका विविध क्षेत्रसँग सम्बन्धित नीति र प्रणालीका बारेमा जानकारी लिई तत्कालको लागि एउटा अल्पकालीन आर्थिक समृद्धको सोंच सार्वजनिक गरेको थिएँ । त्यही सोंचको कार्यान्वयनको लागि तत्कालीन कार्ययोजना बनाएको छु । प्रस्तुत कार्ययोजना कार्यान्वयनको लागि सबै क्षेत्रबाट सहयोग पुग्ने विश्वास लिएको छु । यसको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्व कायम भई उच्च तथा दीगो आर्थिक वृद्धि हासिल गर्न, रोजगारीका अवसर सिर्जना गर्न, आर्थिक असमानता घटाई गरिबी न्यूनीकरण गर्न र समग्र आर्थिक समृद्धिको आधार तयार गर्न सघाउने मैले आशा लिएको छु ।

धन्यवाद ।

कृष्ण बहादुर महरा
उपप्रधान तथा अर्थमन्त्री

## अर्थ मन्त्रालय
## "समृद्ध नेपालको लागि दीगो आर्थिक विकासको तत्कालीन कार्यान्वयन कार्य योजना"

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| (क) | **समष्टिगत् आर्थिक क्षेत्र** | | | | | |
| १ | चालु आर्थिक वर्षको बजेटमा राखिएको ६.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न बजेट कार्यान्वयनमा जोड दिइनेछ । सबैजसो कार्यक्रमहरू स्वीकृत भई कार्यान्वयनमा गइसकेकाले आयोजना तथा कार्यक्रमलाई तोकिएको समयमै सम्पन्न गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ । ठूला र तत्काल प्रतिफल दिने आयोजनाहरूका लागि स्रोतको अभाव हुन दिइने छैन । कुनै पनि बहानामा आयोजना कार्यान्वयनमा ढिलाइ हुन दिइने छैन।दोस्रो चौमासिकको पहिलो दिनदेखि नै आयोजना/कार्यक्रमको अनुगमनलाई तीव्रता दिइनेछ । | • चालु आर्थिक वर्षका लागि६.५ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्नेगरी आर्थिक क्रियाकलाप संचालन गर्ने । | विषयगत सबै मन्त्रालयहरु/ | निरन्तर | ६.५ प्रतिशत आर्थिक वृद्धि हासिल हुने । | |
| | | • रु. ५० करोडभन्दा माथिका आयोजना तथा कार्यक्रमहरुको सहजीकरण गर्ने | बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | २०७४ बैशाख मसान्त भित्र | पुँजीगत खर्च ८० प्रतिशत भन्दा बढी हुने। | |
| | | • रु.१ अर्ब भन्दा माथिका आयोजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने | अनुगमन तथा मूल्यांकन महाशाखा, अर्थ मन्त्रालय | प्रत्येक ६/६ महिनामा अनुगमन गर्ने | आयोजना कार्यान्वयनमा सहजीकरण हुने | |
| | | • ठूला र तत्काल प्रतिफल दिने आयोजनाहरुको लागि स्रोतको सुनिश्चितता प्रदान गर्ने। | बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | निरन्तर | पुँजीगत खर्च ८० प्रतिशत भन्दा बढी हुने। | |
| २ | आर्थिक वर्षको अन्त्यमा गरिने नीतिगत र कानुनी सुधारहरूले बजेट कार्यान्वयनलाई सहयोग नगर्ने भएकाले बजेटमा प्रस्ताव गरिएका सबै नीतिगत र कानुनी सुधारका कार्यहरू पौष मसान्तभित्र सम्पन्न गरिनेछ। | चालु आर्थिक वर्षको लागि प्रस्ताव गरिएका नीतिगत र कानुनी सुधारको सम्पन्न गर्ने | विषयगत महाशाखाहरु/ मन्त्रालयहरु | २०७३ पौष मसान्त | नीतिगत तथा कानुनी सुधारबाट बजेट कार्यान्वयन मा दक्षता आउने | |
| ३ | बैंक तथा वित्तीय संस्थाहरूको कार्यप्रणाली व्यवस्थित गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी विधेयक व्यवस्थापिका-संसदको यसै अधिवेशनबाट पारित गरिनेछ । बीमा व्यवसायलाई नियमित, गुणस्तरीय, व्यवस्थित र विस्तार गरिनेछ । यसको लागि बीमा विधेयक शीघ्र व्यवस्थापिका-संसदमा प्रस्तुत गरिनेछ। धितोपत्र सम्बन्धी कारोवारलाई थप व्यवस्थित गर्न | • बैंक तथा वित्तीय संस्थाहरु सम्बन्धी विधेयकको स्वीकृति | व्यवस्थापिका संसद /वित्तीय क्षेत्र व्यव-स्थापन महाशाखा | २०७३ पौष मसान्त | कानुन निर्माण भएको हुने। | |
| | | • विमा विधेयक मन्त्रिपरिषदमा पेश गर्ने | वित्तीय क्षेत्र व्यव-स्थापन महाशाखा, अर्थ मन्त्रालय | २०७३ फागुन मसान्त | विधेयक म.प.मा पेश भएको हुने | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | धितोपत्र नियमावलीमा संशोधन गरिनेछ । | • विमा विधेयक व्यवस्थापिका संसदमा पेश गर्ने | वित्तीय क्षेत्र व्यव-स्थापन महाशाखा, अर्थ मन्त्रालय | व्यवस्थापिका संसदको आगामी अधिवेशन | विधेयक व्यवस्था-पिका संसदबाट पारित भएको हुने | |
| | | • धितोपत्र दर्ता तथा निष्काशन नियमावली संशोधन गरी लागू गर्ने | वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय | २०७३ मंसिर मसान्त | संशोधित धितोपत्र दर्ता तथा निष्का-शन नियमावली लागू भएको हुने | |
| ४ | मौद्रिक र गैर मौद्रिक उपायद्वारा मूल्य वृद्धि नियन्त्रण गरिने छ । बजार अनुगमनलाई अनुगमनमा मात्र सीमित नगरी नतीजा देखिने गरी बजारमा प्रशासनिक उपस्थिति गराइनेछ । अनुगमनलाई सहजीकरण गर्न आवश्यक स्रोत र साधन उपलब्ध गराइनेछ । यसबाट मुद्रास्फीतिलाई लक्षित सीमाभित्रै राख्न सहयोग पुग्नेछ । | • मुद्रास्फीति ७.५ प्रतिशतमा सीमित राख्ने । | अर्थ मन्त्रालय/ नेपाल राष्ट्र बैंक | निरन्तर | मुद्रास्फिती ७.५ प्रतिशत भन्दा कम हुने | |
| | | • आपूर्ति प्रणालीलाई व्यवस्थित गर्ने र बजार अनुगमनमा जोड दिने । | आपूर्ति मन्त्रालय | निरन्तर | आपूर्ति प्रणाली सदृढ भएको हुने। | |
| ५ | धान लगायतका प्रमुख बालीहरूको न्यूनतम मूल्य तोकी किसानलाई उत्पादनको पूरा मूल्य उपलब्ध गर्ने काम शुरु गरिएको छ । आवश्यकता अनुसार सम्बद्ध सार्वजनिक संस्थानहरूले त्यस्तो उत्पादन खरिद गरी बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यसबाट आम कृषक र उपभोक्ता दुवैलाई फाइदा हुने अपेक्षा गर्न सकिन्छ । | • धान, गहुँ, उखु, मकैको न्यूनतम मूल्य तोक्ने र आवश्कता अनुसार खरिद गर्ने | कृषि विकास मन्त्रालय/आपूर्ति मन्त्रालय | बालि स्याहार्नु पूर्व | न्यूनतम मूल्य निर्धारण भएको हुनेछ । | बाली भि-त्र्याउनु १ महिना अगावै |
| | | • आधारभूत आवश्यकताका वस्तुहरु जस्तै चामल, पिठो, नुन, तेल, चिनीको खरिद गरी भण्डारणबाट आपूर्ति प्रणालीलाई सहज बनाउने | आपूर्ति मन्त्रालय | निरन्तर | अत्यआवश्क वस्तहरुको आपूर्ति सहज भएको हुने । | |
| ६ | विगतमा स्थापना गरिएका तर हाल उपयोग विहीन रूपमा रहेका साझा सहकारी संस्था लिमिटेडका गोदामहरू समेतको उपयोग गरी सार्वजनिक गोदाम निर्माण गरिनेछ । यस गोदाममा कृषकले आफ्नो कृषि उपज राख्न सक्ने र सो को रसिदका आधारमा बैंकबाट ऋण लिन सक्ने व्यवस्था मिलाइनेछ । | • साझा सहकारी संस्था लिमिटेडका गोदामहरूलाई सार्वजनिक गोदामका रुपमा रुपान्तरण गर्ने नीति/कानून ल्याउने । | कृषि विकास/सहकारी तथा गरिबी निवारण/अर्थ मन्त्रालय | २०७४ जेष्ठ मसान्त | साझा सहकारी संस्था लिमिटेडका गोदाम-हरूलाई सार्वजनिक गोदामका रुपमा रुपान्तरण भएको हुने | |
| | | • सार्वजनिक गोदामहरुमा कृषि उपजको भण्डारणको व्यवस्था गर्ने । | कृषि विकास मन्त्रालय/ अर्थ मन्त्रालय | २०७४ जेष्ठ मसान्त पछि निरन्तर | कृषि उपजको भण्डारण सुनिश्चितता भएको हुने । | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | • कृषकबाट भण्डार गरिएका कृषि उपजको रसिदको आधारमा कृषकलाई ऋण उपलब्ध गराउने । | अर्थ मन्त्रालय, कृषि विकास मन्त्रालय र नेपाल राष्ट्र बैंक | २०७४ जेष्ठ मसान्त पछि निरन्तर | कृषि उत्पादन वृद्धिका लागि कृषि कर्जा प्रवाह बृद्धि भएको हुने | |
| ७ | नेपालको आर्थिक वृद्धिको नेतृत्वदायी क्षेत्रको पहिचान गरी आगामी दिनमा लगानी केन्द्रित गर्न तुरुन्तै एक अध्ययन गरिनेछ । यो अध्ययनको सुझावका आधारमा आगामी वर्षहरूका बजेट विनियोजन गर्न सघाउ पुग्नेछ । | • आर्थिक वृद्धिको नेतृत्वदायी क्षेत्रको पहिचान गरी आर्थिक नीतिको मस्यौदा तयार गर्ने । यसका लागि निर्देशक समिति र प्राविधिक समितिहरु गठन गर्ने। | आर्थिक नीति विश्लेषण महाशाखा, अर्थ मन्त्रालय | २०७३ चैत्र मसान्त | आर्थिक नीतिको मस्यौदा तयार भएको हुने । | |
| | | • आर्थिक नीतिको मस्यौदा स्वीकृतिको लागि म.प.मा पेश गर्ने । | आर्थिक नीति विश्लेषण महाशाखा, अर्थ मन्त्रालय/ विषयगत मन्त्रालयहरु | २०७३ चैत्र मसान्त सम्म | आर्थिक नीतिको मस्यौदा मन्त्रिपरिद्‌बाट स्वीकृति भएको हुने । | |
| ८ | सरकारी, निजी र सहकारी क्षेत्रको संयुक्त प्रयासमा उत्पादन वृद्धिका कार्यक्रमहरू अगाडि बढाइनेछ । सहकारीका कार्यक्रमहरू स्थानीय उत्पादन र स्थानीय रोजगारी वृद्धि गर्नेतर्फ परिलक्षित गरिनेछ । छानिएका सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूको कृषि उपज र पशु बीमा गर्न सक्ने | • सहकारी मार्फत स्थानीय उत्पादन र स्थानीय रोजगारी वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने । | सहकारी तथा गरिवी निवारण मन्त्रालय/कृषि विकास मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय | निरन्तर | सहकारीका माध्यमबाट उत्पादन वृद्धि र रोजगारी सिर्जना भएको हुने । | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | नीतिगत व्यवस्था गरिनेछ । | • कृषि उपज र पशुको विमाको लागि सहकारी संस्थाहरुलाई परिचालन गर्ने गरी कार्यविधि बनाइनेछ । | सहकारी तथा गरिबी निवारण, कृषि विकास र अर्थ मन्त्रालय/ वि. क्षे.व्य. महाशाखा, वीमा समिति | २०७४ बैशाख मसान्त | कृषि उपज र पशुको विमाको लागि सहकारी संस्थाहरुलाई परिचालन गर्ने गरी कार्यविधि तर्जुमा भएको हुने | |
| ९ | सहकारी अभियान समृद्ध नेपालको लागि दीगो आर्थिक विकासको मुख्य खम्वा भएकोले यसलाई प्रोत्साहन गर्न आर्थिक अनुदान र कर्जा प्रवाहमा विशेष प्राथमिकता दिइनेछ । **<u>एक सहकारी मुख्य चिनारी</u>** को नारा द्धारा सहकारी स्थापित गरिनेछ । | • सहकारी मार्फत आर्थिक अनुदान र कर्जा प्रवाहको लागि कार्यविधि बनाउने । | सहकारी तथा गरिबी निवारण, अर्थ मन्त्रालय, वि. क्षे.व्य. महाशाखा, नेपाल राष्ट्र बैंक | २०७३ बैशाख मसान्त | सहकारी मार्फत आर्थिक अनुदान र कर्जा प्रवाहको कार्यविधि तर्जुमा भएको हुने । | |
| | | आर्थिक वृद्धि र स्वरोजगारका लागि **एक सहकारी मुख्य चिनारीको** माध्यमबाट सहकारीहरुको परिचालन गरिनेछ | सहकारी तथा गरिवी निवारण मन्त्रालय/कृषि विकास मन्त्रालय वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय | निरन्तर | आर्थिक वृद्धि र स्वरोजगारका लागि सहकारीहरुको अधिकतम परिचालन भएको हुने | |
| (ख) | **रोजगारी सिर्जना** | | | | | |
| १ | ठूला आयोजनाहरूको कार्यान्वयन, पुनर्निर्माण कार्यमा तीब्रता, स्वरोजगार कार्यक्रमहरूको विस्तार, वित्तीय पहुँचको विस्तार, सामाजिक कार्यक्रमहरूको विस्तार लगायतका उपायहरूद्वारा आन्तरिक रोजगारीको सिर्जना गरिनेछ । वार्षिक ४ लाख ५० हजार श्रमशक्ति श्रम बजारमा आउने भएकाले तिनका लागि उपयुक्त रोजगारीको सिर्जना गरिनेछ । | • आयोजनाहरुको कार्यान्वयन, भुकम्प पछिको पुर्ननिर्माण, स्वरोजगार कार्यक्रमको विस्तार, वित्तीय पहुँचमा सूधार र सामाजिक कार्यक्रमका माध्यमबाट रोजगारी सिर्जना गर्ने। | सबै विषगत मन्त्रालयहरु | निरन्तर | ४ लाख ५० हजार श्रमशक्तिले रोजगारी प्राप्त गरेको हुने । | |
| | | • सार्वजनिक निर्माण/कामका लागि अनिवार्य रोजगारीलाई विस्तार गर्ने | अर्थ मन्त्रालय | २०७४ आषाढ मसान्त | रोजगारीको सिर्जना भएको हुने । | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| २ | युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई पचहत्तरै जिल्लामा प्रभावकारी ढङ्गले अगाडि बढाइनेछ ।यसको लागि एक इलाका एक नमूना योजना, **"एक इलाका एक व्यवसाय र एक परिवार एक रोजगार"** को नारालाई कार्यान्वयन गरिनेछ।कार्यप्रणालीलाई सरलीकृत गरी आयोजना, शैक्षिक प्रमाणपत्र वा सामुहिक जमानीमा शीघ्र ऋण उपलब्ध गराइनेछ । यस्तो ऋण लिने युवाहरूलाई व्यावसायिक सीप विकास तालीम केन्द्र, घरेलु तथा साना उद्योग विकास समिति र कार्यालयहरू लगायत सम्बद्ध संस्थाबाट तालीम उपलब्ध गराइनेछ । चालु आर्थिक वर्षभित्र यस कोषबाट थप ५० हजार स्वरोजगार सिर्जना गरिनेछ । | • युवा तथा साना व्यवसायही स्वरोजगार कोषलाई ७५ जिल्लामा विस्तार गर्ने। | अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यव-स्थापन महाशाखा, सहकारी तथा गरिबी निवारण मन्त्रालय युवा स्वरोजगार कोष | २०७४ असार मसान्त भित्र। | युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई ७५ वटै जिल्लामा विस्तार भएको हुने | |
| | | • **एक इलाका एक नमुना व्यवसाय विशेष** कार्यक्रमको कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, युवा स्वरोजगार कोष सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७४ असार मसान्त | • **एक इलाका एक नमुना** व्यवसाय विशेष कार्यक्रमको कार्यविधि तर्जुमा भइ कार्यान्वयनमा आएको हुने । | |
| | | • Call Centre, Youth Centre को माध्यमद्धारा Fast Track बाट युवाहरुलाई कर्जा उपलब्ध गराइने । | अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, युवा स्वरोजगार कोष सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७४ बैशाख मसान्त | युवाहरुलाई Fast Track बाट कर्जा उपलब्ध भएको हुने | |
| | | • शैक्षिक प्रमाणपत्र, वा सामुहिक जमानी शीघ्र ऋण प्रवाहको लागि कार्यविधि तयार गर्ने | अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, नेपाल राष्ट्र बैंक, | २०७३ चैत्र मसान्त | शैक्षिक प्रमाणपत्र, वा सामुहिक जमानी शीघ्र ऋण प्रवाह कार्यविधि तयार भएको हुने | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | • सिपमूलक तालिमको मापदण्ड तर्जुमा गर्ने | अर्थ मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय र CTEVT | २०७३ चैत्र मसान्त | सिपमूलक तालिमको मापदण्ड तर्जुमा भएको हुने | |
| | | • युवाहरुलाई व्यवसायिक सीप विकासका तालिमहरु उपलब्ध गराउने । | श्रम तथा रोजगार मन्त्रालय, उद्योग मन्त्रालय र CTEVT | निरन्तर | युवाहरुलाई प्रदान गरिने व्यवसायिक सीप विकास तालिमका कार्यक्रमहरुमा वृद्धि भएको हुने | |
| ३ | सीपमूलक तालीम प्रदायक संस्थाहरूका कार्यक्रमहरूलाई युवा तथा साना व्यवसायी स्वरोजगार कोष, ग्रामीण स्वालम्बन कोष तथा लघु वित्त संस्थाहरूसँग आबद्ध गरी तालीम प्राप्त गरे पछि वित्तीय पहुँच समेत उपलब्ध गराइनेछ । | • स्वरोजगार कोष, ग्रामीण स्वालम्बन कोष तथा लघु वित्त संस्थाहरूसँग आबद्ध गरी तालीम प्राप्त गरे पछि वित्तीय पहुँच बढाउने | अर्थ मान्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल राष्ट्र वैंक र गरिबी निवारण कोष | निरन्तर | स्वराजगारका कार्यक्रमहरुमा बढोत्तरी आएको हुने | |
| ४ | गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम, गरिबी निवारण कोषका कार्यक्रमहरू लगायत गरिबी निवारणसँग सम्बद्ध कार्यक्रमहरूबाट थप रोजगारी तथा आय आर्जनका अवसर उपलब्ध गराइनेछ । | गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमको विस्तार गर्ने | अर्थ मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिवी निवारण कोष, युवा स्वरोजगार कोष, नेपाल राष्ट्र बैंक | निरन्तर | लक्षित बर्गमा लघु उद्यम कार्यक्रमको पहूँच बृद्धि भएको हुने | |
| ५ | साना किसान विकास बैंकको कार्यलाई विस्तार गरिनेछ । साना किसान सहकारी संस्था स्थापना गर्ने प्रक्रियालाई सरल गरिनेछ । | • साना किसान विकास वैंकको कार्य क्षेत्र विस्तार गर्ने | अर्थ मन्त्रालय, नेपाल राष्ट्र वैंक र साना किसान विकास बैंक | निरन्तर | साना किसान विकास वैंकको कार्य क्षेत्र विस्तार भएको हुने | |
| | | साना किसान विकास सहकारी संस्था स्थापना सम्बन्धी | अर्थ मन्त्रालय, | २०७३ चैत्र मसान्त | साना किसानलाई तरकारी खेती कर्जा | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | कार्यविधि बनाई सहकारीको स्थापना गर्न प्रोत्साहन दिने । | सहकारी तथा गरिबी निवारण मन्त्रालय, ने.रा.बैंक र साना किसान विकास बैंक | | प्रवाहमा बढोत्तरी भएको हुने । | |
| ६ | साना किसानलाई तरकारी खेतीमा प्रोत्साहन गर्न तरकारी खेती कर्जा कार्यक्रम शुरु गरिनेछ । यसबाट चालु आर्थिक वर्षमा ३४ हजार हेक्टर जमीनमा तरकारी खेती विस्तार भई १० हजार थप रोजगारी सिर्जना हुनेछ । | साना किसानलाई तरकारी खेतीमा प्रोत्साहन गर्न तरकारी खेती कर्जा प्रवाहका लागि कार्यविधि तयार गरिने छ । | वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, अर्थ/कृषि विकास/ सहकारी तथा गरिवी निवारण मन्त्रालय/ राष्ट्रिय सहकारी बोर्ड | २०७३ फागुन मसान्त | ३४ हजार हेक्टर जमिनमा तरकारी खेती विस्तार भइ थप १० हजारले रोजगारी प्राप्त गर्ने । | |
| ७ | सरकारी, निजी र सहकारीको सहयोगमा **<u>"एक स्थानीय सरकार एक एकीकृत व्यवसाय"</u>** कार्यक्रम लागु गरी व्यावसायिक रोजगारी सिर्जना गरिनेछ । | सरकारी, निजी र सहकारीको सहयोगमा **<u>"एक स्थानीय सरकार एक एकीकृत व्यवसाय"</u>** कार्यक्रम छनोट गर्ने | अर्थ /उद्योग/ बाणिज्य/ कृषि विकास /वन तथा भू-संरक्षण | २०७३ माघ मसान्त भित्र | व्यवसाय सञ्चालन भई रोजगारी सिर्जना | |
| ८ | श्रमिक बैंक स्थापना गर्ने | • विभिन्न क्षेत्रका लागि उपयोगी हुने श्रमिकहरुको सूची तयार गर्ने | नेपाली सेना | २०७३ चैत्र मसान्तसम्म | श्रमिकहरुको सूची तयार भएको हुने । | |
| | | • सूची अनुसार उपलब्ध श्रमिकहरु सम्बन्धित क्षेत्रले उपयोग गर्ने | सबै निकायहरु | निरन्तर | देशभित्र रहेका सबै क्षेत्रका श्रमिकहरुको उपयोग भई रोजगारी वृद्धि भएको हुने । | |
| (ग) | **पुनर्निर्माण** | | | | | |
| १ | भूकम्पपछिको पुनर्निर्माण कार्यलाई तीव्रता दिइनेछ। पुनर्निमाणको तीव्रता नै नवनिर्माणको लागि प्रस्थान विन्दु बन्नु पर्दछ। आगामी पाँच वर्षभित्र पुनर्निर्माणका सबै कार्य सम्पन्न गर्ने गरी स्रोत र साधनको व्यवस्था गरिनेछ । | • आगामी पाँच वर्षभित्र पुनर्निर्माणका सबै कार्य सम्पन्न गर्ने गरी स्रोतको सुनिश्चिता प्रदान गर्ने । | बजेट तथा कार्यक्रम महाशाखा अर्थ मन्त्रालय/ राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | निरन्तर | आगामी २०७८ सम्म पुनर्निर्माणका सबै कार्य सम्पन्न हुने | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| २ | भूकम्पबाट क्षतिग्रस्त व्यक्तिगत आवास निर्माणका लागि विगतमा घोषणा गरिएको अनुदानमा रू. १ लाख थप गरिनेछ । पहिलो किस्ता प्राप्त गरी तोकिएको मापदण्ड अनुसार घर निर्माण शुरु गरेका व्यक्तिगत घरधनीलाई दोस्रो किस्ताको रकम तुरुन्त उपलब्ध गराइनेछ । | • भूकम्पबाट क्षतिग्रस्त व्यक्तिगत आवास निर्माणका लागि थप १ लाख अनुदान उपलब्ध गराउने । | बजेट तथा कार्यक्रम महाशाखा अर्थ मन्त्रालय/ राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | २०७४ जेठ मसान्त | थप रु. १ लाख अनुदान उपलब्ध भएको हुने । | |
| | | • मापदण्ड अनुसार घर निर्माण शुरु गरेका व्यक्तिगत घरधनीलाई दोस्रो किस्ताको रकम उपलब्ध गराउने | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, स्थानीय विकास मन्त्रालय/अर्थ मन्त्रालय | २०७३ माघ मसान्त | दोस्रो किस्ताको रकम उपलब्ध भएको हुने । | |
| ३ | चालु आर्थिक वर्षभित्रै **एकीकृत बस्ती** निर्माणको लागि स्थान छनौट गरी एकीकृत बस्तीमा बसोवासका लागि प्रोत्साहन गरिनेछ । भूकम्प प्रभावित क्षेत्रमा निजी क्षेत्रले जग्गा एकीकरण गरी बस्ती विकास गर्न चाहेमा आधारभूत पूर्वाधार सरकारले उपलब्ध गराउनेछ । | • **एकीकृत बस्ती** निर्माणको लागि स्थान छनौट गर्ने। | सहरी विकास मन्त्रालय | २०७३ चैत्र मसान्त | एकीकृत वस्ती विकास भएको हुने । | |
| | | • भूकम्प प्रभावित क्षेत्रमा निजी क्षेत्रले जग्गा एकीकरण गरी बस्ती विकास गर्ने चाहेमा आधारभूत पूर्वाधार सरकारले उपलब्ध गराउने | सहरी विकास मन्त्रालय | २०७३ चैत्र मसान्त | एकीकृत वस्ती विकास भएको हुने। | |
| ४ | पुनर्निर्माणका लागि जनशक्ति तयार गर्न सरकारी र निजी क्षेत्रमा रहेका तालीम प्रदायक संस्थाहरूबाट अभियानको रूपमा तालीम उपलब्ध गराइनेछ । | पुनर्निर्माणका लागि आवश्यकता अनुसारका विषयगत क्षेत्रका जनशक्ति तयार गर्ने। | सहरी विकास मन्त्रालय | २०७३ चैत्र मसान्त भित्र | जनशक्ति तयार भएको हुने । | |
| (घ) | **सरकारी क्षेत्र** | | | | | |
| १ | पूँजीगत बजेट कार्यान्वयनमा तीब्रता दिइनेछ । पहिलो चौमासिक अवधिभित्र पनि कार्यक्रम स्वीकृत नगर्ने नगराउने, सम्बन्धित कार्यान्वयन इकाईलाई आयोजनाको सम्पूर्ण बजेट खर्च गर्ने अख्तियारी नदिने, आयोजनाका लागि आवश्यक कर्मचारी र प्राविधिक उपलब्ध नगराउने पदाधिकारीलाई | • पूँजीगत बजेटको कार्यान्वयनलाई नतिजामुखी बनाउन लेखा उत्तरदायी अधिकारी र आयोजना प्रमुख लाई जवाफदेही बनाउने । | बजेट तथा कार्यक्रम महाशाखा अर्थ मन्त्रालय | २०७३ पुष मसान्त भित्र | पुँजिगत खर्चमा सुधार आउने । | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | कानुनबमोजिम कारवाही गरिनेछ । ठूला र छानिएका आयोजनाहरूको प्रभावकारी अनुगमनका लागि **<u>द्रुत अनुगमन टोली</u>** (Rapid Monitoring Team) परिचालन गरिनेछ । | • रु १ अर्ब भन्दा माथिका आयोजनाको द्रुत अनुगमन टोलीको गठन र परिचालन गर्ने । | अनुगमन तथा मूल्याङ्कन महाशाखा अर्थ मन्त्रालय | निरन्तर | पुँजिगत खर्चमा सुधार आउने । | |
| २ | बूढीगण्डकी जलविद्युत, काठमाडौं-तराई मधेश द्रुतमार्ग, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग, सघन शहरी विकास, स्मार्ट सिटी निर्माण, स्वास्थ्य बीमा, सामाजिक सुरक्षण लगायतका ठूला कार्यक्रम/ आयोजनाहरू कार्यान्वयनका लागि छुट्टै संयन्त्र (Special Purpose Vehicle) स्थापना गरी कार्यान्वयन गरिनेछ । | • संस्थागत संयन्त्रको स्थापना गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपद्को कार्यालय /उर्जा मन्त्रालय/अर्थ मन्त्रालय/राष्ट्रिय योजना आयोग | २०७३ पौष मसान्त | ठूला आयोजनाहरु समयमा नै निर्माण सपन्न हुने । | |
| ३ | बूढीगण्डकी जलविद्युत आयोजना निर्माणका लागि पहिचान गरिएका जग्गाको बिक्री वितरण बन्द गरी मुआब्जा वितरणको कार्य शुरु गरिनेछ । यो आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (Detail Project Report) लाई अन्तिम रूप दिई कार्यान्वनमा लैजान सम्पूर्ण तयारी गरिनेछ । | • बूढीगण्डकी जलविद्युत आयोजनाको मुआब्जा वितरणको कार्य शुरु गर्ने। | उर्जा मन्त्रालय | २०७४ असार मसान्त | मुआब्जा वितरण कार्य शुरु भएको हुने । | |
| | | • बूढीगण्डकी जलविद्युत आयोजनाको विस्तृत आयोजना प्रतिवेदनको तयार गरि आयोजनाको निर्माण शुरु गर्ने। | सवै मन्त्रालयहरु | २०७३ मंसिर मसान्त | आयोजना निर्माण कार्य शुरु भएको हुने । | |
| ४ | पौष मसान्तभित्र सबै आयोजनाहरूको बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गरिनेछ ।पौष पहिलो हप्ता भित्र कार्य शुरु गर्ने गरी कार्यादेश दिइनेछ । तोकिएको समयभित्र कार्य शुरु नगर्ने र आयोजना कार्यान्वयन कार्ययोजना अनुरुप कार्य नगर्ने निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गरिनेछ । | • मंसिर मसान्तभित्र सबै योजनाहरूको बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्ने । | सवै मन्त्रालयहरु | २०७३ पौषको पहिलो हप्ता | आयोजना निर्माण कार्य शुरु भएको हुने। | |
| | | • पौष पहिलो हप्ता भित्र कार्य शुरु गर्ने गरी कार्यादेश दिने। | सवै मन्त्रालयहरु | २०७३ पौष मसान्त | समयमै आयोजना सम्पन्न हुने । | |
| | | • समयभित्र कार्य शुरु नगर्ने र आयोजना कार्यान्वयन कार्ययोजना अनुरुप कार्य नगर्ने निर्माण व्यवसायीहरुको विवरण | सवै मन्त्रालयहरु | कार्यादेश प्राप्त भएको १ महिना भित्र । | आयोजना कार्यान्वयनमा सुधार आउने । | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | संकलन गरी त्यस्ता व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने । | | | | |
| ५ | निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौताबमोजिमका सबै वा केही कार्यहरूका लागि सहायक ठेक्का सम्झौता गर्नुपर्ने भएमा सम्बन्धित आयोजना प्रमुखको लिखित स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ । अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाउने व्यवस्था गरिनेछ । | • सम्झौता बमोजिमका सबै वा केही कार्यहरूका लागि सहायक ठेक्का सम्झौता गर्नुपर्ने भएमा सम्बन्धित आयोजना प्रमुखको लिखित स्वीकृति अनिवार्य गर्ने। | सबै मन्त्रालय | २०७३ चैत्र मसान्त | आयोजना समयमै सपन्न हुने । | |
| | | • अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाउने व्यवस्था गर्ने । | राष्ट्रिय योजना आयोग/ सबै विषयगत मन्त्रालयहरु | निरन्तर | समयमै आयोजनाहरु निर्माण कार्य शुरु भई सपन्न हुने । | |
| ६ | पर्याप्त तयारी बिना नै आयोजना कार्यान्वयनमा जाने, ठेक्कापट्टा गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । यस वर्ष शुरु हुने सबै आयोजनाहरूलाई आयोजना तयारी फिल्टर (Project Readiness Filter) का आधारमा छनौट गर्न शुरु गरिनेछ । | आयोजनाहरूलाई आयोजना तयारी फिल्टर (Project Readiness Filter) का आधारका मापदण्ड बनाई आयोजनाको छनौट शुरु गर्ने । | बजेट तथा कार्यक्रम महाशाखा अर्थ मन्त्रालय | २०७३ चैत्र मसान्त | पूँजिगत खर्चमा सुधार हुने । | |
| ७ | चालु खर्चमा मितव्ययिता अपनाइनेछ । तर, पूँजीगत बजेट कार्यान्वयन गर्नका लागि सहयोगी हुने गरी पर्याप्त चालु खर्च उपलब्ध गराइनेछ । | पूँजीगत बजेट कार्यान्वयनका लागि चालु खर्च उपलब्ध गराइने । | बजेट तथा कार्यक्रम महाशाखा अर्थ मन्त्रालय | २०७३ चैत्र मसान्त | पुँजीगत बजेट कार्यन्वयनमा सहजता भएको हुने । | |
| | | सबै मन्त्रालय/निकायको चालु खर्चमा मित्तव्यता कायम गर्ने । | बजेट तथा कार्यक्रम महाशाखा अर्थ मन्त्रालय/सबै मन्त्रालय/निकाय | निरन्तर | चालु खर्चमा मित्तव्यता ल्याउने नीति कार्यान्वय हुने । | |
| (घ) | **राजस्व प्रशासन** | | | | | |
| १ | राजस्व प्रशासनमा क्रमिक सुधार गर्दै आन्तरिक स्रोत | कर सुधारको लागि ३ वर्षे | सबै विभाग ,अर्थ | २०७३ फागुन | कर प्रणाली सुधारको | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | परिचालन सुदृढ गरिनेछ । | रणनीतिक योजना बनाउने । | मन्त्रालय | मसान्त | खाँका तयार हुने । | |
| २ | संघीय नेपालको वित्त संरचनालाई सुदृढ र सबल बनाउन छुट्टै राजस्व नीति तयार गरिनेछ । | राजस्व नीतिको अन्तिम मस्यौदा तयार गर्ने | राजस्व व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय | २०७३ चैत्र मसान्त | नेपालको संघीय संरचना अनुकुलको राजस्व नीति तयार हुने । | |
| ३ | करको दायरा विस्तार गर्न र करदाता मैत्री वातावरण बनाउन "करदाता चिन्नुहोस् (Know Your Taxpayer)" कार्यक्रम लागु गरिनेछ । | करका विभिन्न विधाहरुमा बैज्ञानिक अनुसन्धानको लागि विभिन्न अनुसन्धान समूह बनाई अनुसन्धानको प्रतिवेदनको आधारमा कर नीति र रणनीति बनाउने । | अर्थ मन्त्रालय/ आन्तरिक राजस्व विभाग | २०७४ आषाढ मसान्त | आन्तरिक कर सम्बन्धी नीति/रणनीति तयार भएको हुने । | |
| ४ | राजस्व संकलन र सरकारी खर्चहरूलाई व्यवस्थित गर्नुका साथै सूचना प्रविधिको प्रयोगद्वारा भुक्तानी विधि सञ्चालन गर्न E-Payment प्रणालीको शुरुवात गरिने छ ।कर चुहावटलाई रोक्न ECR Machine र T and T System लागू गरिनेछ । | करदाताका अभिलेख र सूचनाहरुको अद्यावधिक गर्ने । | आन्तरिक राजस्व विभाग | २०७४ असार मसान्त | करदाताहरुको सूचनाहरु अद्यावधिक भएको हुने । | |
| | | • कर प्रणालीमा विद्युतीय भुक्तानी प्रणालीको लागु गर्ने । | आन्तरिक राजस्व विभाग/ अर्थ मन्त्रालय/ नेपाल राष्ट्र बैक /महालेखा नियन्त्रक कार्यालय | २०७३ फागुन मसान्त | कर भुक्तानीमा सरलिकरण भएको हुने । | |
| | | • रु ५ करोड बढीको कारोबार गर्ने करदाताहरुको लागि विद्युतिय प्रणालिबाट करका विजकहरु जारी गर्ने । | आन्तरिक राजस्व विभाग | २०७३ चैत्र मसान्त | राजस्व चुहावटमा नियन्त्रण हुने । | |
| | | • रु ५ करोड भन्दा कमको कारोवार गर्ने करदाताको हकमा क्रमश इलेक्ट्रोनिक्स क्यास रजिष्ट्रर मेशिनको प्रयोग गराउने । | आन्तरिक राजस्व विभाग | २०७३ फागुन मसान्त | राजस्व चुहावटमा नियन्त्रण हुने । | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | • अन्तशुल्क स्टिकरमा Track and Trace प्रणालीको लागु गर्ने तयारी गर्ने । | आन्तरिक राजस्व विभाग | २०७३ चैत्र मसान्त | राजस्व चुहावटमा नियन्त्रण हुने । | |
| ५ | मदिरा, चुरोट बिक्री वितरण नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । मदिरा र सूर्तीजन्य पदार्थको बिक्रीमा मापदण्ड पूरा नगर्ने व्यवसायीलाई कानुनबमोजिम कारवाही गरिनेछ | • मदिरा र सूर्ति जन्य वस्तुको छुट्टै बिक्रि कक्षबाट बिक्रि वितरण गराउने । | आन्तरिक राजस्व विभाग | निरन्तर | अन्तशुल्क लाग्ने पदार्थको बिक्रि वितरणामा नियमन भएको हुने । | |
| | | • मदिरा र चुरोट लगायत सूर्तिजन्य पदार्थको बिक्रि वितरण १८ वर्ष उमेर पुगेकालाई र विहान १० वजे देखि वेलुका ८ वजे सम्म मात्र बिक्रि गर्न पाउने व्यवस्थाको लागु गर्ने । | आन्तरिक राजस्व विभाग/राजस्व अनुसन्धान विभाग | निरन्तर | अन्तशुल्क लाग्ने पदार्थको बिक्रि वितरणामा नियमन भएको हुने । | |
| ६ | मूल्य अभिवृद्धि कर समावेश बिल लिने दिने प्रणालीमा सुधार गरिनेछ । बजारको प्रभावकारी अनुगमन गरी यस्तो बिल नदिने व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ । राजस्व चुहावट नियन्त्रण गर्न नियमित रूपमा विशेष गस्ती परिचालन गरिनेछ । | डिपार्टमेन्ट स्टोर तथा व्यवसायिक संरचना र होटल रेस्टुरेन्ट लगायतका अन्य व्यवसायिक सामान खरीद तथा बिक्री स्थलमा करको विल दिने र लिने प्रणालीको लागि बजार अनुगमन गर्ने गराउने । यसका लागि छोटो अवधिको लागि जनशक्ति करारमा लिइ परिचालन समेत गर्ने | आन्तरिक राजस्व विभाग | निरन्तर | विल लने र दिने वानिमा सुधार आइ कर सहभागिता बृद्धि हुने । | |
| ७ | मुख्य मुख्य भन्सार कार्यालयहरूमा स्वचालित प्रणालीको विस्तार र आधुनिक मेशीनरीको प्रयोग गरी मालवस्तुको आयात निर्यात र व्यापार सहजीकरण गरिनेछ । | • दश वटा मुख्य भन्सार कार्यालयहरुमा वेभमा आधारित आशिकुडा वर्ल्ड विद्युतीय प्रणालिको विस्तार गर्ने । | भन्सार विभाग | २०७३ चैत्र मसान्त | भन्सार जाँचपास प्रणालीमा सरलीकरण भई व्यापार सहजिकरण हुने । | |
| | | • दश वटा मुख्य भन्सार कार्यालयहरुमा व्यागेज जाँच | भन्सार विभाग | २०७३ फागुन | भन्सार जाँचपास प्रणालिमा सरली-करण | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | गर्ने आधुनिक एक्सरे मेशिनहरुको प्रयोगमा ल्याउने। | | | हुनुका साथै भन्सार छली कार्य-को नियन्त्रण हुने | |
| ८ | आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग र सम्पति शुद्धीकरण अनुसन्धान विभागमा गुनासो सुन्ने डेस्क स्थापना गरी प्राप्त हुने गुनासाहरू यथाशीघ्र सम्बोधन गरिनेछ । | विभागहरुमा गुनासो सुन्ने डेस्क स्थापना गरी प्राप्त हुने गुनासाहरू यथाशीघ्र सम्बोधन गर्ने। | अर्थ मन्त्रालयका सबै विभागहरु | २०७३ पौष मसान्त | गुनासो व्यवस्थापन भएको हुने । | |
| (ङ) | **वैदेशिक सहायता र लगानी** | | | | | |
| १ | वैदेशिक सहयोगको प्रतिबद्धता र प्राप्तिबीचको अन्तर कम गर्न विदेशी सहायतामा सञ्चालित कार्यक्रमहरूको सघन अनुगमन गरिनेछ । विदेशी सहयोगमा सञ्चालित आयोजनाहरूलाई नतीजा उन्मुख गराउन समन्वय र सहजीकरण गरिनेछ । छिट्टै दातृ निकायहरुको एक बैठक गरिने छ । | • वैदेशिक सहयोगको प्रतिबद्धता र प्राप्तिबीचको अन्तर कम गर्न विदेशी सहायतामा सञ्चालित कार्यक्रमहरूको सघन अनुगमन गर्ने ।हप्ताको एक पटक बैठक राख्ने । | अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय/विषयगत सबै मन्त्रालय | निरन्तर | सहायता परिचालनमा सुधार भएको हुने । | |
| २ | वैदेशिक सहायतालाई राष्ट्रिय प्रणालीमार्फत् खर्च हुने व्यवस्था मिलाइनेछ । | • स्थानिय दातृ निकायहरुको एक बैठक। | अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय | २०७३ माघ मसान्त | बैदेशिक सहायता परिचालनमा समन्वय हुने | |
| | | • वैदेशिक सहायतालाई राष्ट्रिय प्रणालीमार्फत् खर्च हुने गरी सहायताको स्वीकार गर्ने । | अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय | निरन्तर | सहायता परिचालनमा सुधार भएको हुने । | |
| ३ | वैदेशिक सहायतालाई गुणात्मक र मात्रात्मक रूपमा वृद्धि गर्न द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरूसँगको सम्वाद र सम्पर्कलाई निरन्तरता दिंदै विश्वासको वातावरण सिर्जना गरिनेछ । | • वैदेशिक सहायतालाई गुणात्मक र मात्रात्मक रूपमा वृद्धि गर्न द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरूसँगको संयुक्त पुनरावलोकन गर्ने।<br>• | अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय | निरन्तर | सहायताको परिचलनमा कार्यदक्षता आउने । | |
| ४ | आर्थिक वृद्धिका लागि सहयोग पुग्ने गरी वैदेशिक लगानी | • आर्थिक वृद्धिका लागि सहयोग | अर्थ मन्त्रालय / | निरन्तर | वैदेशिक लगानीमा | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | भित्र्याउन पहल गरिनेछ । भर्खरै पारित भएको विशेष आर्थिक क्षेत्र सम्बन्धी कानुनको शीघ्र कार्यान्वयन गर्ने र निर्माण सम्पन्न भएको विशेष आर्थिक क्षेत्र सञ्चालनमा ल्याइनेछ । | पुग्ने गरी वैदेशिक लगानी भित्र्याउने गरी वैदशिक लगानीको वातावरण बनाउने । | उद्योग मन्त्रालय | | बृद्धि भएको हुने । | |
| | | • नेपालमा लगानीको अनुकूल वातावरण भएको जानाकारी दिनका लागि **लगानी सम्मेलन** गर्ने । | अर्थ मन्त्रालय / उद्योग मन्त्रालय | २०७३ फागुन मसान्त | वैदेशिक लगानीमा बृद्धिका लागि वातावरण तयार हुने । | |
| | | • विशेष आर्थिक क्षेत्र सञ्चालनमा ल्याउने । | उद्योग मन्त्रालय | २०७३ चैत्र मसान्त | विशेष आर्थिक क्षेत्र सञ्चालनमा आएको हुने । | |
| ५ | वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूलाई शीघ्र सम्पन्न गर्न सहजीकरण गरिनेछ ।असामान्य अवस्थामा बाहेक कुनै पनि आयोजनाको म्याद थप नगरिने नीति लिइनेछ । | वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूलाई समयमै सम्पन्न गरिने छ। कुनै पनि आयोजनाको म्याद थप नगरिने नीति लिइनेछ । | अर्थ मन्त्रालय /सवै विययगत मन्त्रालय | निरन्तर | आयोजना कार्यान्वयनमा सुधार भएको हुने । | |
| (च) | **मौद्रिक र वित्तीय क्षेत्र** | | | | | |
| १ | <u>**“एक व्यक्ति, एक बैंक खाता”**</u> कार्यक्रम अन्तर्गत सबै नेपालीको खाता खोल्ने कार्यलाई अभियानको रूपमा अघि बढाइनेछ । यस्तो खाता शून्य मौज्दातमा खोल्न सकिने व्यवस्था गरी सो वापतको सेवा शुल्कमा सरकारले सहुलियत दिनेछ । चालु आर्थिक वर्षभित्र कम्तीमा ७० प्रतिशत जनसंख्याको खाता खोलिसकिनेछ । आगामी आर्थिक वर्षदेखि सरकारी क्षेत्रबाट हुने सबै नगद प्रवाह बैंक खातामार्फत् मात्र गर्ने प्रबन्ध गरिनेछ । | • सबै नेपालीको वैंक खाता खोल्ने कार्यलाई अभियानको रूपमा अघि बढाइने छ । | वित्तीय क्षेत्र व्य-वस्थापन महाशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र वैंक | निरन्तर | बैकिङ्ग सेवामा नागरिकपहुँच वृद्धि भएको हुने । | |
| | | • सबै इलाकामा बैंकको सेवा उपलब्ध गराउइने छ । बैंकहरुको शाखा विस्तार गर्ने । खासगरी विदेशको मुख्य शहरहरु जहाँ धेरै नेपाली युवाहरुको काम गरी रहेका छन् । | वित्तीय क्षेत्र व्यवस्थापन महशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र वैक | निरन्तर | वित्तीय क्षेत्र व्यवस्थापन महशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र वैक | |
| | | • शून्य मौज्दातमा बैंक खाता | वित्तीय क्षेत्र | निरन्तर | बैकिङ्ग सेवामा | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | खोल्न सकिने व्यवस्था गरी सो वापतको सेवा शुल्कमा सरकारले सहुलियत दिने। | व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैंक | | नागरिकको पहुँच वृद्धि भई अधिकतम आर्थिक कारोबारहरु बैंक मार्फत हुने । | |
| | | • आगामी आर्थिक वर्षदेखि सरकारी क्षेत्रबाट हुने सबै नगद प्रवाह बैंक खातामार्फत् मात्र गर्ने प्रबन्ध गरिनेछ । | वित्तीय क्षेत्र व्यवस्थापन महशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैक | निरन्तर | सरकारी क्षेत्रबाट हुने सबै नगद प्रवाह बैंकिङ्ग कारोबारबाट सञ्चालन भएको हुने । | |
| २ | द्वन्द्वकालमा बन्द भएका र विस्थापित भएका बैंकहरूमध्ये कम्तीमा एक बैंक पहिलाकै स्थानमा पुनर्स्थापित गरिनेछ । ग्रामीण क्षेत्रमा बैंक बिस्तार गरिने छ । | • द्वन्द्वकालमा बन्द भएका र विस्थापित भएका बैंकहरूमध्ये कम्तीमा एक बैंक पहिलाकै स्थानमा पुनर्स्थापित गर्ने । | वित्तीय क्षेत्र व्यवस्थापन महशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैक | निरन्तर | उल्लिखित क्षेत्रहरुमा बैकिङ्ग सेवामा पुनः विस्तार भएको हुने । | |
| | | • ग्रामीण क्षेत्रमा विभिन्न वैकिङ्क सेवाको प्रयोग गरी वैकिङ्क सेवाको विस्तार गरिने छ ।यस्तो सेवा दिने बैंकहरुलाई प्रोत्साहित तथा पुरस्कृत गरीने छ । | वित्तीय क्षेत्र व्यवस्थापन महशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैक | निरन्तर | ग्रामीण क्षेत्रमा बैकिङ्ग सेवा विस्तार भएको हुने । | |
| ३ | वित्तीय साक्षरतालाई अभियानको रुपमा अगाडि बढाई आम नागरिकको वित्तीय पहुँच अभिवृद्धि गरिनेछ । | • वित्तीय साक्षरतालाई अभियानको रुपमा अगाडि बढाई आम नागरिकको वित्तीय पहुँच अभिवृद्धि गर्ने । | वित्तीय क्षेत्र व्यव-स्थापन महाशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैक | निरन्तर | नागरिकमा वित्तीय शिक्षाको वृद्धि भएको। | |
| ४ | बैंक तथा वित्तीय संस्थाहरूको कर्जालाई ग्रामीण तथा उत्पादनमूलक क्षेत्रमा प्रवाहित गर्न प्रोत्साहित गरिनेछ । निश्चित क्षेत्रका लागि तोकिएको भन्दा बढी कर्जा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थालाई | • बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाश हुने कर्जालाई ग्रामीण तथा उत्पादनमूलक क्षेत्रमा प्रवाहित गर्ने। | वित्तीय क्षेत्र व्यव-स्थापन महाशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैक | निरन्तर | उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह भएको हुने । | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | विशेष प्रोत्साहन उपलबध गराइनेछ । | • तोकिएको भन्दा बढी कर्जा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थालाई विशेष प्रोत्साहन उपलबध गराउने । | वित्तीय क्षेत्र व्यव-स्थापन महशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र वैक | निरन्तर | प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाह भएको हुने । | |
| ५ | चालु आर्थिक वर्षमा शुरु गरिएको ब्याजदर कोरिडोरलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ । | ब्याजदर कोरिडोरलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने । | वित्तीय क्षेत्र व्यव-स्थापन महशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र वैक | निरन्तर | वित्तीय लागतमा कमी आएको हुने । | |
| ६ | बैंक तथा वित्तीय संस्थाहरूमा रहेको रू. २ लाखसम्मको निक्षेप सुरक्षण कार्य प्रभावकारी बनाइनेछ । साना तथा मझौला उद्यम कर्जाको सुरक्षण अनिवार्य गरिनेछ । लघुवित्त विपन्न कर्जाको अनिवार्य सुरक्षण गरिनेछ । | • बैंक तथा वित्तीय संस्थाहरूमा रहेको रू. २ लाखसम्मको निक्षेप सुरक्षण गर्ने । | वित्तीय क्षेत्र व्यव-स्थापन महशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र वैक | निरन्तर | साना निक्षेप कर्ताको निक्षेपको संरक्षण भएको हुने । | |
| | | • लघु विपन्न कर्जा तथा साना र मझौला उद्यम कर्जाको सुरक्षण अनिवार्य गर्ने । | वित्तीय क्षेत्र व्यव-स्थापन महशाखा, अर्थ मन्त्रालय/नेपाल राष्ट्र वैक । | निरन्तर | वित्तीय समावेशीकरण भएको हुने । | |
| ७ | "एक बैंक शाखा एक नमूना आयोजना" अवधारणा कार्यन्वयन गर्ने । | • नेपाल राष्ट्र बैंकले एक बैंक शाखा एक नमूना आयोजनाका लागि सूचना सम्प्रेषण गर्ने/गराउने | अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा/नेपाल राष्ट्र बैंक | निरन्तर | सूचना सम्प्रेषण भएको हुने । | |
| | | • सबै प्रकृतिका बैंकहरुले आफ्नो क्षेत्रभित्र एक नमूना आयोजनाको लागि लगानी गर्न प्राथमिकता दिने । | नेपाल राष्ट्र बैंक लगायत सबै बैंकहरु | निरन्तर | सबै क्षेत्रमा नमूना कार्यक्रमहरु सञ्चालन भई रोजगारी र आर्थिक वृद्धिमा | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | बढोत्तरी आएको हुने । | |
| ८ | बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन प्रभावकारी बनाई वित्तीय अनुशासन कायम गरिनेछ । | बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन प्रभावकारी बनाई वित्तीय अनुशासन कायम गर्न कानुनको तर्जुमा गर्ने । | वित्तीय क्षेत्र व्यवस्थापन महशाखा, अर्थ मन्त्रालय/सहकारी तथा गरिबी निवारण मन्त्रालय | निरन्तर | साना वचत तथा ऋणको नियमनमा प्रभावकारिता आएको हुने | |
| (छ) | **बाह्य क्षेत्र** | | | | | |
| १ | वस्तु र सेवा निर्यातको प्रक्रिया सरलीकरण गरी निर्यातलाई प्रोत्साहन गरिनेछ । अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित प्रक्रियालाई सूचना प्रविधिको प्रयोगद्वारा स्वचालित बनाइनेछ । | अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित प्रक्रियालाई सूचना प्रविधिको प्रयोगद्वारा स्वचालित बनाउन सूचना प्रविधीको प्रयोग बढाउने । | भन्सार विभाग/ बाणिज्य मन्त्रालय /उद्योग मन्त्रालय | २०७४ बैसाख मसान्त | अन्तराष्ट्रिय व्यापारमा सहजिकरण भई लगानी मैत्री वातावरणमा सुधार हुने छ । | |
| २ | <u>**राष्ट्रिय एकल बिन्दु**</u> (National Single Window) सञ्चालन गरी अन्तर्राष्ट्रिय व्यापारलाई सहजीकरण गरिनेछ । क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यापारका लागि पूर्वाधार निर्माण कार्यमा तीब्रता दिइनेछ । | नेपाल राष्ट्रिय एकल विन्दु सेवाको पूर्वाधारको लागि प्रणाली विकासको लागि खरिद प्रक्रिया अगाडि बढाउने । | भन्सार विभाग/ बाणिज्य मन्त्रालय | २०७३ चैत्र मसान्त | व्यापार सहजिकरण भएको हुने । | |
| ३ | विप्रेषणलाई बैंकिङ माध्यमबाट भित्र्याउन रोजगारदाता मुलुकसँग समेतको समन्वयमा तत्काल प्रणाली विकास गरिनेछ । यसका लागि वैदेशिक रोजगारीमा जाने सबै नेपालीको बैंक खाता अनिवार्य खोली सोही खाता मार्फत् विप्रेषण आप्रवाह गर्ने व्यवस्था गरिनेछ । यस वापत लाग्ने कमिशनमा सरकारले छूट दिने व्यवस्था गर्नेछ । | • विप्रेषणलाई बैंकिङ माध्यमबाट भित्र्याउन रोजगारदाता मुलुकसँग समेतको समन्वयमा तत्काल प्रणाली विकास गर्ने । | नेपाल राष्ट्र वैक र वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा अर्थ मन्त्रालय | २०७३ माघ मसान्त | प्रणाली विकासको शुरुवात भएको हुने । | |
| | | • वैदेशिक रोजगारीमा जाने सबै नेपालीको बैंक खाता अनिवार्य खोली सोही रकम खाता मार्फत् विप्रेषण आप्रवाह गर्ने | नेपाल राष्ट्र वैक र वित्तीय क्षेत्र व्यस्थापन महाशाखा अर्थ मन्त्रालय | २०७३ बैसाख मसान्त | विप्रेषण वैकिङ प्रणाली आउने रकममा बृद्धि हुने । | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | व्यवस्था मिलाउने | | | | |
| | | • विप्रेषण आप्रवाह गर्ने व्यवस्थामा लाग्ने कमिशनमा सरकारले छूट दिने व्यवस्था गर्ने। | नेपाल राष्ट्र बैंक र वित्तीय क्षेत्र व्यस्थापन महाशाखा अर्थ मन्त्रालय | निरन्तर | बैकिङ प्रणालीबाट कारोबारमा बृद्धी हुने । | |
| ४ | विप्रेषणबाट प्राप्त रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न आकर्षक वित्तीय प्रोत्साहनको व्यवस्था गरिनेछ । साथै विप्रेषण पठाउने वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको सामाजिक सुरक्षा स्कीम तयार गरी लागु गरिनेछ । ***<u>मेरो श्रम मेरो विप्रेषण मेरो देश निर्माणमा</u>*** भन्ने नारामा आधारित भई कार्यान्वयन गरिनेछ । हुण्डीको अवैध कारोवार नियन्त्रण गर्न यस अघि भएका अध्ययनहरू समेतका आधारमा तत्काल कारवाही थालिनेछ । | • विप्रेषणबाट प्राप्त रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न आकर्षक वित्तीय प्रोत्साहन सहितको रु १ अर्बको राष्ट्रिय ऋण पत्र जारी गर्ने । | आर्थिक नीति विश्लेषण महाशाखा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक | २०७३ फागुन मसान्त | ऋण पत्र जारी भएको हुने । | |
| | | • वैकिङ्ग प्रणालिबाट विप्रेषण पठाउने वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम लागु गर्ने । | अर्थ मन्त्रालय /श्रम तथा रोजगार मन्त्रालय | २०७४ बैसाख मसान्त | सामाजिक संरक्षणका कार्यक्रम लागु भएको हुने । | |
| | | हुण्डीको अवैध कारोवार नियन्त्रण गर्न निकायगत समन्वयका आधारका कानुनको कार्यान्वयन गर्ने । | राजस्व अनुसन्धान विभाग /अर्थ मन्त्रालय /नेपाल राष्ट्र बैंक/नेपाल प्रहरी | निरन्तर | हुण्डिको कारोबार निरुत्साहित भएको हुने । | |
| (ज) | **निजी क्षेत्र विकास** | | | | | |
| १ | निजी क्षेत्रलाई प्रोत्साहन गरने नीतिलाई अवलम्बन गरिने छ । गत आर्थिक वर्षमा स्थापना गरिएको आर्थिक पुनरुद्धार कोषलाई प्रभावकारी ढङ्गले परिचालन गरिने छ । यस कोषमा चालु आर्थिक वर्षमा रकम थप गरिनेछ। | • आर्थिक पुनरुद्धार कोषमा रकम बृद्धि गरि यसलाई प्रभावकारी ढङ्गले परिचालन गर्ने । | नेपाल राष्ट्र बैंक र वित्तीय क्षेत्र व्यव-स्थापन महाशाखा | २०७३ पौष समान्त | आर्थिक पुनरुद्धार कोषबाट रकम परिचालन भएको हुने । | |
| २ | सरकारको संलग्नता र निजी क्षेत्रको अगुवाइमा पूर्वाधार विकास बैंक स्थापना गरिनेछ । | • सरकार र निजी क्षेत्रको संलग्नतामा पूर्वाधार विकास बैंक स्थापना गर्ने । | वित्तीय क्षेत्र व्यव-स्थापन महाशाखा र नेपाल राष्ट्र बैंक | २०७३ फागुन मसान्त | पूर्वाधार विकास बैक स्थापना भएको हुने । | |
| ३ | छानिएका सार्वजनिक संस्थानहरूलाई निजी क्षेत्रको | • छानिएका सार्वजनिक | संस्थान समन्वय | २०७३ चैत्र | छानिएका संस्थानहरु | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापनमा सञ्चालन गरिनेछ । नेपाल बैंक लिमिटेडमा रहेको नेपाल सरकारको शेयर विनिवेश प्रक्रिया अगाडि बढाइनेछ । | संस्थानहरुमा निजी क्षेत्रको व्यवस्थापनमा सञ्चालन गर्ने । | महाशाखा, अर्थ मन्त्रालय | मसान्त | निजी क्षेत्रको व्यवस्थापनबाट संचालन भएको हुने । | |
| | | • नेपाल बैंक लिमिटेडमा रहेको नेपाल सरकारको शेयर विनिवेश गर्ने । | संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय | २०७४ आषाढ मसान्त | नेपाल बैंकको शेयर विनिवेश भएको हुने । | |
| ४ | निजी क्षेत्रलाई कृषिको आधुनिकरण र व्यवसायीकरण गर्न प्रोत्साहित गरिनेछ । यसका लागि आवश्यक वित्तीय र मौद्रिक प्रोत्साहन उपलब्ध गराइनेछ । | कृषिको आधुनिकिकरण र व्यवसायि करणका लागि वित्तीय प्रोत्साहन को लागि कृषि कर्जा सम्वन्धी कार्यविधिमा परिमार्जन गर्ने । | वित्तीय क्षेत्र व्यवस्थपन महाशाखा र नेपाल राष्ट्र वैक | २०७३ माघ मसान्त | कृषि क्षेत्रमा कर्जा प्रवाह भएको हुने । | |
| ५ | आन्तरिक पूँजी बजारको सुदृढीकरणका लागि पूँजी बजारमा संस्थागत लगानीकर्ताहरूको प्रवेशलाई बढावा दिइनेछ । निजी र पारिवारिक व्यवसायलाई नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत हुन प्रोत्साहित गरिनेछ । | • आन्तरिक पूँजी बजारको सुदृढीकरणका लागि पूँजी बजारमा संस्थागत लगानीकर्ता-हरूको प्रवेशलाई बढावा दिने। | वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | २०७३ चैत्र मसान्त | पुँजीवजारको विकास भएको हुने । | |
| | | • निजी र पारिवारिक व्यवसायलाई नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत हुन प्रोत्साहित गर्ने नीतिको तर्जुमा गर्ने । | वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | २०७४बैसाख मसान्त | पुँजीवजारको विकास भएको हुने । | |
| ६ | कमोडिटी बजारलाई सरकारको नियगमन भित्र राखिनेछ । | • कमोडिटी बजारलाई नियगमन गर्न आवश्यक कानुनको तर्जुमा गर्ने । | वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | २०७४ बैसाख मसान्त | कमोडिटी बजार नियमन भएको हुने । | |
| (ज) | **पूर्वाधार निर्माण** | | | | | |
| १ | केही ठूला आयोजनाको निर्माण कार्य तुरुन्तै शुरु गरिनेछ । इञ्जिनीयरिङ, खरिद, निर्माण र वित्तीय प्रबन्ध (Engineering, Procurement, Construction and Financing (EPCF) गर्नसक्ने | • ठुला पूर्वाधारका आयोजनाहरुको छनौटका आधारहरु तयार गर्ने । | राष्ट्रिय योजना आयोग/ अर्थ / विषयगत मन्त्रालय/ | २०७३ चैत्र समान्त | ठुला आयोजनाहरुको पहिचान भएको हुने । | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीहरूको छनौट गरी केरुङ-काठमाडौं रेलमार्ग, काठमाडौं उपत्यका मेट्रो रेल र मोनो रेल, विद्युतीय रेलमार्ग, पूर्वपश्चिम राजमागर्गको विस्तार र फास्टट्र्याक, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, ३००-५०० मेगावाट क्षमताका जलाशययुक्त जलविद्युत आयोजना निर्माण गर्न पहल गरिनेछ । | | लगानि वोर्ड | | | |
| | | • इञ्जिनीयरिङ, खरिद, निर्माण र वित्तीय प्रबन्ध (Engineering, Procurement, Construction and Financing (EPCF) गर्नसक्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनी हरूको छनौट गरी आयोजना निर्माण गर्न कार्यको थालनी गर्ने | राष्ट्रिय योजना आयोग/ अर्थ / विषयगत मन्त्रालय/ लगानि वोर्ड | २०७३ जेठ मसान्त | ठुला आयोजनाहरुको पहिचान भई निर्माणको थालनी हुने । | |
| २ | पृथ्वी राजमार्गको यातायातलाई सुचारु र सुरक्षित बनाउन यसको विस्तार वा अन्य विकल्पको बारेमा अध्ययन गरी तत्काल कार्यान्वयनमा लगिनेछ । | पृथ्वी राजमार्गको यातायातलाई सुचारु र सुरक्षित बनाउन यसको विस्तार वा अन्य विकल्पको बारेमा सभाव्यताको अध्ययन गर्ने । | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय | २०७४ बैसाख मसान्त | सभाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको हुने । | |
| (झ) | **सार्वजनिक संस्थान** | | | | | |
| १ | विद्यमान सार्वजनिक संस्थानहरूको विस्तृत अध्ययन गरी यसै आर्थिक वर्षभित्र तिनको सञ्चालनको उपयुक्त विधि पहिचान गरिनेछ । केही सार्वजनिक संस्थानहरू सार्वजनिक निजी साझेदारीको अवधारणामा सञ्चालन गरिनेछ । | • सार्वजनिक संस्थानहरूको विस्तृत अध्ययन गरी यसै आर्थिक वर्षभित्र तिनको सञ्चालनको उपयुक्त विधि पहिचान गर्ने । | संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय | २०७३ आषाढ मसान्त | सार्वजनिक सस्थानको व्यवस्थापन को नीति तयार भएको हुने। | |
| | | • सार्वजनिक संस्थानहरू सार्वजनिक निजी साझेदारीको अवधारणामा सञ्चालन गर्ने मोडालिटि तयार गरी निजिकरण समीतिमा पेश गर्ने | संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय | २०७३ चैत्र मसान्त | सार्वजनिक सस्थानको व्यवस्थापन को आधार तयार भएको हुने। | |
| (ञ) | **अन्तर मन्त्रालय तथा समन्वय तथा अनुगमन** | | | | | |
| १ | अर्थ सचिवले सम्वन्धित मन्त्रालयका सचिवहरुसँग समन्वय गरी कार्यक्रम कार्यान्वयनमा सहजिकरण गर्ने । | • अर्थ मन्त्रालयको अनुगमन तथा मुल्याङ्कन महाशाखा, बजेट तथा कार्यक्रम महाशाखा, र | अर्थ मन्त्रालय | निरन्तर | अन्तर मन्त्रालय समन्वय र अनुगमन चुस्त भई | |

| सि.नं. | विषय | क्रियाकलाप | जिम्मेवार निकाय महाशाखा | समय तालिका | अपेक्षित उपलब्धी | अन्य |
|---|---|---|---|---|---|---|
| | | अन्तर्राष्ट्रिय आर्थिक समन्वय महाशाखा प्रमुखहरु सम्मिलित संयन्त्रले अनुगम गर्ने । | | | कार्यक्रम/आयोजनाको कार्यान्वयनमा प्रभावकारीता आएको हुने । | |